प्रतिवेदन

# नेपाली मिडियाका पुस्तकः उत्पादनदेखि उपयोगसम्म

## देवराज हुमागाईं

प्रजातान्त्रिक वातावरणका कारण मिडियाको फैलावटसँगै यसबाट जीविकोपार्जन गर्ने पत्रकारहरूको सङ्ख्यामा उल्लेखनीय वृद्धि हुँदैछ । विद्यालय र विश्वविद्यालयमा पत्रकारिता पढ्ने विद्यार्थी र पत्रकारिता पढाउने गुरुहरूको सङ्ख्या पनि बढ्दै छ । त्यसमाथि समाजिक विकास कार्यमा हात हाल्न तथा सामाजिक चेतनास्तर वृद्धि गर्न खुलेका राष्ट्रिय, अन्तर्राष्ट्रिय गैरसरकारी संस्था अर्थात् अर्को शब्दमा विकासे संस्थाहरू मिडियाको क्षेत्रमा पनि हात हाल्न थालेको पाइन्छ । यस्ता संस्थाहरूको पहलमा पछिल्ला दिनहरूमा नेपाली मिडियामाथि अध्ययन अनुसन्धानका क्रियाकलाप पनि विस्तारै बढ्दै गएको छ ।

यसरी मिडियातर्फ धेरै थरीको आँखा पर्न थालेपछि स्वभावैले यससम्बन्धी स्रोत सामग्रीहरूको उपलब्धता बढ्दै गएको छ । फलस्वरूप नेपालमा नेपाली मिडियाका पुस्तक प्रकाशनले गति लिन थालेको छ (हुमागाईं २०६२) । पुस्तक प्रकाशनको क्रम बढ्दै गए पनि ती पुस्तकहरूको उत्पादन प्रक्रिया, तिनको गुणस्तर, उपयोग र बिक्री वितरणबारे चिन्ता र चासो लिने तथा यी विषयमा बहस र अन्तर्क्रिया हुने गरेको भने पाइन्न । यस्तो लाग्छ कि जे भइरहेको छ सब ठीक भएको छ । मानौं कुनै छलफल, बहस र अन्तर्क्रिया वा सुधारको आवश्यकता नै छैन । तर यथार्थ भने त्यस्तो छैन । केही वर्षयता नेपाली मिडियाका पुस्तक प्रकाशनले मात्रात्मक रूपमा गति लिएको देखिए पनि यसभित्र धेरै किसिमका कमि कमजोरी विद्यमान छन् । सम्बन्धित पक्षहरूबीचको बहस र अन्तर्क्रियामार्फत सबल र दुर्बल पक्ष पत्ता लगाई यस क्षेत्रमा आवश्यक सुधार र परिमार्जन गर्दै

*मिडिया अध्ययन* १: २९१-३०४, २०६३

जान सकिन्छ भन्ने सोचेर मार्टिन चौतारीले २०६३ जेठ १० (सन् २००६ मे २४) मा नेपाली मिडियाको पुस्तक प्रकाशनबारे एउटा अन्तर्क्रिया आयोजना गऱ्यो ।

चौतारीले लामो समयदेखि मिडियाका विभिन्न आयामबारे अनुसन्धान गर्नुको साथै मिडियासम्बन्धी सन्दर्भ सामग्रीको उत्पादन कार्यमा आफ्नो गतिविधि केन्द्रित गरेको छ । पुस्तक प्रकाशन उद्योगलाई प्रवर्द्धन गर्ने प्रयासका क्रममा विगतमा मार्टिन चौतारीले सार्वजनिक छलफल, पुस्तक प्रदर्शनीको सह-आयोजना आदि जस्ता कामहरू गर्दै आएको छ । चौतारीले *द काठमाण्डु पोस्ट* र *राजधानी* दैनिकमा पुस्तक समीक्षाको संयोजन गर्नुका साथै पुस्तकसम्बन्धी रेडियो कार्यक्रमको निर्माण पनि गरेको थियो ।[१] आफ्ना तिनै प्रयासहरूलाई निरन्तरता दिन मार्टिन चौतारीले यो अन्तर्क्रियाको आयोजन गरेको हो । नेपाली मिडियाबारे प्रकाशित पुस्तकको सङ्ख्या चारसयको हाराहारीमा पुगिसकेको छ । यसै परिप्रेक्ष्यमा के कस्ता पुस्तक आइरहेका छन् ? पुस्तक प्रकाशन प्रक्रियाका कुन कुन चरणमा के कस्ता समस्याहरू छन् र कसरी तिनबाट छुटकारा पाउन सकिन्छ ? भन्ने विषयमा सरोकारका विभिन्न पक्ष एकै स्थानमा बसेर मन्थन गर्न यो कार्यक्रमको आयोजन गरिएको हो । विगतमा भएका सीमित केही छलफलहरू पनि पुस्तक प्रकाशनमा संलग्नमध्ये सबै पक्षहरू सम्मिलित हुन नसकेको अवस्था थियो । लेखक-लेखक वा लेखक-प्रकाशक बीचमा मात्र आपसी छलफल वा बहस हुँदा ती कम उपलब्धिमूलक र कम प्रभावकारी बनेका थिए । किनकि त्यहाँ कतिपय पक्षहरूको आवाजहरू समेटिएको हुँदैनथ्यो ।

चौतारीले समग्र प्रकाशन उद्योगबारे नभई मिडियाबारेको प्रकाशन उद्योगमा मात्र केन्द्रित भई उक्त अन्तर्क्रियाको आयोजन गरेको हो । यस अन्तर्क्रियाको शीर्षक 'नेपाली मिडियाको पुस्तक प्रकाशन, तिनको गुणस्तर र प्रवर्द्धनका उपाय' थियो । यस कार्यक्रममा पुस्तक प्रकाशनको विभिन्न प्रक्रियासँग सरोकार राख्ने

---

१ मार्टिन चौतारीद्वारा आयोजना हुने नियमित छलफल कार्यक्रमअन्तर्गत नेपाली पुस्तक प्रकाशनबारे विगतमा धेरैओटा छलफलहरू सञ्चालन गरिएका छन् । २०६२ कात्तिक २९ देखि मङ्सिर ५ सम्म चौतारीसहित विभिन्न ३० ओटा संस्थाहरू मिलेर गैरव्यावसायिक पुस्तक प्रकाशकहरूको पुस्तक प्रदर्शनी (मेला) आयोजना पनि गरिएको थियो । त्यस्तै सन् १९९६ अप्रिलदेखि सन् २००२ सेप्टेम्बरसम्म अङ्ग्रेजी दैनिक *द काठमाण्डु पोस्ट*मा पाक्षिक रूपमा र २०५८ सालमा ६ महिना (असोज-फागुन) नेपाली दैनिक राजधानीमा मासिक रूपमा पुस्तक समीक्षाको संयोजन कार्य मार्टिन चौतारीले गरेको थियो । त्यस्तै कम्युनिकेशन कर्नरको प्राविधिक सहयोगमा २०५८ सालमा करिब ९ महिना *रेडियोमा पुस्तक* भन्ने कार्यक्रम पनि चौतारीले उत्पादन र प्रसारण गऱ्यो । यो कार्यक्रम उपत्यकाबाहिरका तीनओटा एफएम रेडियोहरू– हेटौँडाको मनकामना एफएम, पोखराको माछापुच्छ्रे एफएम र पाल्पाको रेडियो मदनपोखरामा प्रसारण हुन्थ्यो ।

व्यक्तिहरूको सहभागिता रहेको थियो । तिनमा पुस्तक लेखक, सम्पादकदेखि, पत्रकार, प्रशिक्षक, विद्यार्थी, अध्यापक, अनुसन्धानकर्ता, लाइब्रेरियन, प्रकाशक र वितरक थिए ।[२] अन्तर्क्रियालाई बढी विषयकेन्द्रित बनाउन र सहभागीलाई पूर्व तयारी गर्न सहज गराउन कार्यक्रमको निमन्त्रणा पत्रसँगै केही प्रश्नहरूको सूची पनि बाँडिएको थियो । ती प्रश्नहरू यसप्रकार थिए:

१. नेपाली बजारमा मिडियाको के कस्ता पुस्तकहरू उपलब्ध छन् ? (सन्दर्भ सामग्री, अनुसन्धानात्मक प्रकाशन, पाठ्यपुस्तक वा हाते किताब) साथै तिनको गुणस्तर कस्तो छ ?
२. नेपाली मिडियाका पुस्तक प्रकाशन कुन उद्देश्य पूर्तिका लागि भएका छन् ? अर्थात् केबाट निर्देशित छन् ? (बजारको माग वा आवश्यकता ? अनुसन्धान वा प्रतिवेदनलाई सार्वजनिक गरी काम गरेको देखाउन ?) मिडिया अनुसन्धानमा लागेका संस्थाहरूको भूमिका कस्तो देखिन्छ ?
३. विश्वविद्यालयका पाठ्यक्रम कस्ता छन् ? नेपालमा त्यस अनुरूपका पुस्तक उत्पादन हुन सकेका छन्, छैनन् ? पुस्तकहरू कुन मापदण्ड र आधारमा विश्वविद्यालयको पाठ्यक्रममा सिफारिस गरिन्छ ?
४. विश्वविद्यालयमा बुझाइने शोधपत्रहरूको गुणस्तर कस्तो छ ? तिनलाई प्रकाशन गर्न सकिने सम्भावना कस्तो छ ? समस्या के छ ?
५. पुस्तक प्रकाशनका क्रममा पुनर्लेखन र सम्पादनको प्रक्रियामा के कति मात्रामा ध्यान दिन (लगानी गर्न) सकिएको छ ?
६. लेखक-लेखक र सम्पादक-सम्पादकबीच हामीकहाँ बहस र अन्तर्क्रियाको संस्कृति कस्तो छ ?
७. त्यस्तै लेखक वा सम्पादकले पाठकबाट आवश्यक सुझाव के कत्तिको र कसरी पाइरहेका छन् ? मिडियामा पुस्तकको समीक्षा र पुस्तकबारे बहस

---

[२] प्रकाशकमध्येबाट सरकारी निकाय, गैर सरकारी संस्था र निजी क्षेत्र सबैको उपस्थिति थियो । नेपाली मिडियाको पुस्तक प्रकाशनमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने दातृ समुदायबाट भने कुनै प्रतिनिधित्व हुन सकेन । यस क्षेत्रमा निरन्तर आर्थिक सहयोग पुऱ्याउँदै आएका डानिडाहुगो, द एसिया फाउण्डेसन, फ्रेडरिक ईबर्ट स्टिफटुङ, युनेस्को, युनिसेफ, एमएस नेपाललाई कार्यक्रममा निमन्त्रणा गरिएको थियो । त्यस्तै नीति निर्माणमा सक्रिय सरकारी निकायका प्रतिनिधित्व गराउने हेतुले सूचना विभाग, सञ्चार मन्त्रालय, प्रेस काउन्सिल नेपाल आदि सरकारी संस्थाहरूमा निमन्त्रणा गरिएको भए पनि ती संस्थाबाट कुनै प्रतिनिधित्व भएन (कार्यक्रममा सहभागीहरूको नामावली यो लेखको अन्त्यमा दिइएको छ) ।

तथा अन्तर्क्रियाले कत्तिको स्थान पाउन सकेका छन् ? समस्या के छ ? पाठक क्लब गठन गर्ने प्रयासहरू हामीकहाँ भएको छ ?

८. लेखकहरूलाई पारिश्रमिक र पाण्डुलिपि अधिकार संरक्षणको स्थिति कस्तो छ ?
९. कलेजका तथा अन्य सार्वजनिक पुस्तकालयमा मिडियाका पुस्तकको उपलब्धताको स्थिति र अध्ययनको वातावरण कस्तो छ ?
१०. नेपाली मिडियाका पुस्तक प्रकाशनका क्षेत्रमा के कस्ता प्रकाशकहरू देखा परेका छन् ? अन्य पुस्तक प्रकाशनमा नाम चलेका निजी क्षेत्रका प्रकाशकहरूको संलग्नता कस्तो छ ? उनीहरू मिडिया पुस्तक प्रकाशनका लागि किन हिच्किचाइरहेका छन् ? समस्या के हो ?
११. मिडियाका पुस्तकको प्रकाशन वैदेशिक दातृ सहयोगमा बढी निर्भर रहेको अध्ययनले देखाउँछ । यसले सुखद वा दुःखद के सङ्केत गर्छ ? स्वदेशी दाताहरू किन आकर्षित हुन सकिरहेका छैनन् ? कसरी आकर्षण गर्न सकिन्छ ? आफै आत्मनिर्भर हुन किन सकिएको छैन ?
१२. समग्र रूपमा लेखक-प्रकाशक-मुद्रक-बिक्रेताबीच समन्वय हुन सकेको छ कि छैन ? छैन भने किन सकेको छैन ? एकै व्यक्ति वा संस्था लेखन, प्रकाशन, मुद्रण र बिक्री वितरण समेतमा संलग्न हुने अभ्यासले कस्तो समस्या निम्त्याएको छ ?

छलफललाई अझै व्यवस्थित गराउनका लागि अन्तर्क्रियालाई पूर्व उत्पादन प्रक्रिया, उत्पादनको चरण र उत्पादन पश्चात्को प्रक्रिया गरी तीन मुख्य चरणमा विभाजन गरिएको थियो । पहिलो चरणमा मानवीय, आर्थिक तथा भौतिक स्रोत साधनबारे; दोस्रो चरणमा विषयवस्तुको गुणस्तर, लेखन, सम्पादन र प्रकाशनको प्रक्रिया तथा तेस्रो चरणमा उपभोक्ता वा पाठकसम्मको पहुँच र फिडब्याकबारे चर्चा गर्न खोजिएको थियो ।

अन्तर्क्रियाको विषय प्रवेश गर्दै हिमाल एसोसिएसनका वसन्त थापाले यस्तो कार्यक्रम प्रकाशकहरूका सङ्घ सङ्गठनले आयोजना गर्नुपर्नेमा मार्टिन चौतारीले आयोजना गरेर उदाहरणीय कार्य गरेको बताएका थिए । नेपालमा विद्यालय र विश्वविद्यालयमा पत्रकारिता पढ्ने विद्यार्थी बढ्दै गएका कारण मिडियाका पुस्तकले भर्खरै थोरै मात्रामा बजार पाउन थालेको थापाको कथन थियो । नत्र मिडियाका पुस्तकको बजार न्यून हुनाले यस विषयको पुस्तकको प्रकाशन व्यवसायिक रूपमा गर्ने अवस्था नभइसकेको तर दाताको दातव्यका कारण आफ्नो संस्थाले मिडियाका केही पुस्तक प्रकाशन गरेको उनले बताए ।

## पूर्व उत्पादन प्रक्रिया

मिडिया पुस्तकको प्रकाशनमा मुख्य समस्याको रूपमा आर्थिक स्रोतको अभाव रहेको सबै सहभागीले स्वीकारे । जुनसुकै विषयमा पनि पाठकको सङ्ख्या कम रहेको र त्यसमाथि झन् मिडियाको पुस्तकको सवालमा झनै न्यून पाठक हुनाले व्यावसायिक रूपमा मिडियाका पुस्तक लेखेर वा प्रकाशन गरेर बाँच्न सकिने अवस्था नभएको अधिकांश सहभागी लेखक, प्रकाशकको भनाइ थियो । आफ्नो लगानी नै नउठ्ने भएपछि प्रकाशकले लेखकलाई पर्याप्त लेखकश्व वा पारिश्रमिक दिन नसक्नाले लेखकहरू पनि पुस्तक लेखनमा उत्साहीत हुन नसकेकोमा प्रायः सबै एक मत थिए । यद्यपि मदन भण्डारी मेमोरियल कलेजका आमसञ्चार विषयका शिक्षक निर्मलमणि अधिकारीले भने मिडियाको पुस्तकको बजार नभएको भनाइप्रति विमति जनाए । आफ्नो एक पुस्तक दुई वर्षमा पाँचपटकसम्म पुनर्मुद्रण भएको सन्दर्भ अधिकारीले उदाहरणका रूपमा राखेका थिए । विद्यार्थी र पाठचक्रमको आवश्यकताअनुसार पुस्तक लेखेमा बिक्रीको समस्या नभएको अधिकारीको ठम्याइ थियो । पारिश्रमिकका सवालमा सुरुसुरुमा प्रकाशकले जे भन्यो त्यही सर्त मान्नुपर्ने भए पनि बजारमा आफू चिनिँदै जाँदा लेखकको हात पनि माथि पर्दै जाने उनको अनुभव छ ।

आर्थिक स्रोतका सवालमा निजी प्रकाशकहरूको आ-आफ्नो समस्या भए पनि गैरसरकारी संस्थाहरूले भने विभिन्न देशी वा विदेशी दाताहरूबाट सहयोग जुटाएर पुस्तक प्रकाशन गर्दै आएका छन् । गैरसरकारी सङ्घ संस्थाहरूबाट प्रकाशित पुस्तक बढी अनुसन्धानमूलक, गुणस्तरीय र मूल्य पनि सस्तो हुने गरेको सहभागीहरूको धारणा थियो । पुस्तक प्रकाशनमा विदेशी दातृ संस्थाहरूको आर्थिक सहयोग लिनु उचित हो वा होइन भन्ने सवालमा निःसर्त सहयोग लिएर त्यसलाई सदुपयोग गर्नु सकारात्मक हो भन्ने धारणा सहभागीहरूको पाइयो । हातेमालो सञ्चारका सौरभकिरण श्रेष्ठले मिडियाका पुस्तक प्रकाशनमा दातृ सहयोग सकारात्मक भएको बताउँदै यसले गर्दा बालबालिका, महिला तथा दलित जनजातिसम्बन्धी मिडियाका अनुसन्धानमूलक पुस्तकको सङ्ख्यामा वृद्धि भएको बताए । यसले समग्रमा मिडियाको अनुसन्धान वा पुस्तक प्रकाशनमा विविधता ल्याउन सहयोग पुऱ्याएको श्रेष्ठको आशय थियो ।

सहयोगका नाममा दाताको इच्छाअनुसारको विषय र उनीहरूकै सर्तमा पुस्तक लेख्नुभन्दा यस क्षेत्रको आवश्यकतालाई ध्यान दिनुपर्नेमा अधिकांशको जोड थियो । हिमाल एसोसिएसनका वसन्त थापाले आफूहरूले गरिरहेको अभ्यासलाई यसरी प्रस्टयाए, “दाताको दानबाट पुस्तक छापे पनि विषय हाम्रै रोजाइको हुने गर्दछ ।”

सबै दाताहरू सर्त तेर्स्याउने प्रवृत्तिका नभएको जनाउँदै मार्टिन चौतारीले विनासर्त नै आफूलाई लागेको विषयमा अनुसन्धान गर्न तथा पुस्तक प्रकाशन गर्न सहयोग पाएको अनुभव संस्थाका अनुसन्धानकर्ता देवराज हुमागाईंले व्यक्त गरे । साथै विदेशी दाताहरूको मात्र भर नपरी स्वदेशमा पनि त्यस्ता स्रोतहरूको खोजी गर्नुपर्ने र यस सन्दर्भमा मार्टिन चौतारीले *मोरङमा पत्रकारिताको अर्धशताव्दी* (प्रधान २०६१) नामक पुस्तक प्रकाशनका लागि बुद्ध एयर प्रालिबाट सहयोग जुटाउन सकेको चौतारीकै अर्का अनुसन्धानकर्ता भास्कर गौतमको भनाइ थियो । स्रोतको खोजीबारे गौतमले चौतारीको अर्को अभ्यास पनि यसरी खुलस्त पारे, “दानबाहेक अन्य किसिमका स्रोतहरूको पनि खोजी गर्ने गरिएको छ, जस्तै एउटा पुस्तकको बिक्रीबाट प्राप्त भएको रकम वा अन्य गतिविधिबाट बचेको पैसा पुस्तक प्रकाशनमा लगानी गरेका छौँ ।” यद्यपि दाताको सहयोगबाट प्रकाशित पुस्तकमा मूल्य राख्न पाइन्न भन्ने केही दाताको अप्ठेरो सर्तका कारण पुस्तक प्रकाशनमा आत्मनिर्भर हुने सम्भावनामा झनै अवरोध पुग्न सक्ने चिन्ता मार्टिन चौतारीका गौतम र हिमाल एसोसिएसनका वसन्त थापाले व्यक्त गरे । कान्तिपुर सिटी कलेजका विद्यार्थी शम्भु कट्टेलले विदेशीकहाँ चाहिँ सहयोग माग्न जाने नेपाली प्रकाशकहरू नेपालको सरकारसँग पनि बजारको माग र आवश्यकता देखाएर सहयोग माग्न जानुपर्ने बताए ।

निजी पुस्तक प्रकाशकहरूको समस्या बेग्लै किसिमको भएको पाइयो । अति महङ्गो पारिश्रमिक तिर्नुपर्ने कारणले आफ्नो मनले खाएका लेखकहरूसम्म आफूहरू चाहेर पनि जान नसकेको अवस्थामाथि प्रकाश पारे पैरवी बुक सेन्टरका खगेन्द्र लुईंटेलले । पारिश्रमिकको सन्दर्भलाई जोड्दै यस कार्यक्रममा उनले भने, “विदेशी दाताहरूले धेरै पारिश्रमिक दिएर पल्काएका लेखक हामीले जति आग्रह गरे पनि लेख्न मान्दैनन् ।” त्यसमाथि निजी प्रकाशकले आफ्नो लागतअनुसारको मूल्य राख्नुपर्ने र त्यसो गर्दा गैर सरकारी संस्थाबाट सस्तो मूल्य राखी छापिएका पुस्तकसँग तुलना गरेर पाठकले महँगो मूल्यमा बेचेको आरोप आफूलाई लगाउने गरेको लुईंटेलको धारणा थियो । दातामार्फत छापिएका पुस्तक सस्तो हुँदा हामीलाई पिटाउने हुन् कि भन्ने डर समेत हुने उनले बताएका थिए ।

मिडियाका पुस्तक प्रकाशन गर्नका लागि अर्को समस्या उक्त विषयका स्रोत सामग्रीको अभाव हुनु रहेछ । मिडियासम्बन्धी पुस्तक लेख्न आवश्यक सामग्रीका लागि जोसँग सम्बन्धित सामग्री हो सोही व्यक्तिकहाँ नै धाउनुपर्ने र कतिपय अवस्थामा उक्त व्यक्तिसँग पनि सुरक्षित नहुने घमराज लुईंटेलले बताए ।

मिडियासम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक सामग्रीको व्यवस्थित सङ्ग्रह कतै हुन नसकेकोतर्फ उनको भनाइ लक्षित थियो ।[३] पत्रकारिताको अनुसन्धान नेपालका लागि नयाँ क्षेत्र भएकाले पनि यस्तो भएको अनुमान लुईंटेलले गरेका थिए ।

स्रोत सामग्रीसम्बन्धी चर्चा गर्दा विश्वविद्यालयमा बुझाइने शोधपत्रलाई पुस्तकको रूपमा परिमार्जन गरी प्रकाशन गर्न सकिने सम्भावनाबारे पनि छलफल गरिएको थियो । नेपाल र बाहिरका विश्वविद्यालयका स्नातकोत्तर एवं विद्यावारिधिमा गरी करिब पौने दुई सय जति शोध अध्ययन भएको तथ्याङ्क आफूले बटुलेको मार्टिन चौतारीका अनुसन्धानकर्ता कोमल भट्टले सुनाएका थिए । यद्यपि तीमध्ये अधिकांशको गुणस्तर हेर्दा प्रकाशनयोग्य नभएको उनको भनाइ थियो । आफूले बुझाएका शोधपत्रप्रति आफूलाई नै आत्मविश्वास जाग्न नसकेको भनाइ स्वयं शोधकर्ताहरूको समेत रहेको पाइयो । २०६१ सालमा स्नातकोत्तर तहमा शोधपत्र तयार गरेका शोधार्थी तथा रत्नराज्यलक्ष्मी क्याम्पसमा पत्रकारिता विषयमा अध्यापनरत शिक्षक श्रीराम पौडेलले आफ्नै अनुभवलाई प्रस्टयाउँदै भने, "शोधपत्र तयार गर्ने क्रममा राम्रो शोध निर्देशक पनि सम्बन्धित क्याम्पसबाट पाउन सकिएको हुँदैन । त्यसमाथि पनि कहिले बुझाउने भन्ने हतारो हुन्छ । जसोतसो गरेर औपचारिकता पुऱ्याउन शोधपत्र तयार पारेर बुझायो, आफै विश्वस्त हुन सकिन्न । त्यसो भएपछि त्यसलाई सार्वजनिक गराउन आफैलाई असहज लाग्दो रहेछ ।" पौडेलको यस भनाइले शोधपत्र खालि औपचारिकता पूरा गर्न मात्र तयार गर्ने प्रचलन छ भन्ने देखाउँछ । शोधपत्रमाथि थप काम गरेर पुस्तक निकाल्न मात्र होइन सार्वजनिक प्रयोजनका लागि उपलब्ध गराउनसमेत स्वयं शोधार्थीहरू नै उत्साहित नहुने परिस्थिति यसबाट झल्किन्छ । आखिर जे भए पनि केही राम्रा शोधपत्र छन् भने त्यसमाथि सम्बन्धित शोधार्थीलाई थप काम गर्न लगाएर पुस्तकका रूपमा प्रकाशन गर्न सके पनि नयाँनयाँ विषयका पुस्तक सामग्री उपलब्ध गराउन सकिनेमा सबैको एक मत रहेको थियो ।

---

[३] मार्टिन चौतारीले यसै समस्यालाई ध्यान दिएर मिडिया स्रोत सामग्री केन्द्रको स्थापना गरेको छ । यहाँ मिडियासम्बन्धी देशभित्र र बाहिरका महत्त्वपूर्ण पुस्तकहरू, विभिन्न सेमिनारमा प्रस्तुत कार्यपत्र, नेपाल र बाहिरका विश्वविद्यालयमा प्रस्तुत नेपाली मिडियासम्बन्धी शोधपत्र, विभिन्न व्यक्ति वा संस्थाले गरेका अध्ययनका अप्रकाशित प्रतिवेदन, जर्नल, स्मारिका, म्यागेजिनलगायत विभिन्न ऐतिहासिक महत्त्वका सामग्रीहरू सङ्ग्रह गरिएका छन् । उक्त कुरा यस अन्तर्क्रिया कार्यक्रममा पनि जानकारी गराइएको थियो । २०६३ साउन ४ गते यो केन्द्र सर्वसाधारणका लागि खुल्ला गरिएको थियो ।

## उत्पादनको चरण

रत्नराज्यलक्ष्मी क्याम्पस, पत्रकारिता केन्द्रीय विभाग त्रिविका अध्यापक चिरञ्जीवी खनाल पत्रकारिताका नेपाली पुस्तकको सङ्ख्या वृद्धि हुँदा नेपाली पत्रकारिताका विद्यार्थीले केही राहत महसुस गरेको बताए । तर, कुनै आधार र मापदण्डबिना पुस्तक निकाल्ने हुनाले गुणस्तर त्यति सन्तोषजनक हुन नसकेको तथ्यलाई पनि उनले इङ्गित गरेका थिए । मिडियाका पुस्तक लेख्ने उत्साह बढ्न थालेको र मिडियामा अध्ययन अनुसन्धान पनि क्रमशः बढ्दै गएका कारण विविधता बढ्दै गएको र केही आशा गर्ने ठाउँ आफूले देखेको खनालको आशय थियो ।

नेपाली मिडियाका पुस्तकहरू तालिम इन्स्टिच्यूटका प्रशिक्षार्थी वा कलेजका विद्यार्थीलाई लक्षित गरेर अन्धाधुन्ध रूपमा निस्कन थालेको र गुणस्तरहीन पुस्तकको चाप बढ्दै गएको सहभागीहरूको गुनासो थियो । विभिन्न इन्टरनेट साइट र विदेशी पुस्तकका अंशहरू स्रोत उल्लेख नगरी जस्ताको त्यस्तै सारी आफ्नो नाममा पुस्तक निकाल्ने 'चोर' हरूको बिगबिगी बढ्दै गएको आरोप घमराज लुईंटेलको थियो । "कतिपय अवस्थामा कोर्सले मागेको भन्दा बढी 'जङ्गलै' पुस्तकमा राखिदिएर लेखकले विद्यार्थीलाई झन् अलमलमा पार्ने गरेका छन्" लुईंटेलको थप आरोप थियो । भर्खर कलेज जीवनमा प्रवेश गरेका विद्यार्थी हुन् या आकर्षक विज्ञापनको पछि लागेर पत्रकारिता तालिम लिन पुगेका प्रशिक्षार्थी हुन्, कुन पुस्तक पढ्ने भन्ने समस्याले सबैलाई पिरोलेको छ । पुस्तकैपिच्छे एउटै विषयका फरकफरक नाम, तथ्याङ्क र तिथिमितिका कारण कुन चाहिँ सही हो भनेर छुट्ट्याउन नसकी पाठक र विद्यार्थीहरू हैरान हुने गरेको भन्नेमा सहभागीहरू सहमत देखिन्थे । पुस्तक प्रकाशनमा देखिने यस्ता चोरी या स्रोत उल्लेखबिना नक्कल गर्ने प्रवृत्तिलाई प्रकाशकले ध्यान दिने तथा कार्वाहीको प्रक्रिया अगाडि बढाउने अभ्यास हामीकहाँ नदेखिएको फाइन प्रिन्टका अजित बरालको टिप्पणी थियो । बेलैमा कडा कानून बनाएर यस्ता कार्यलाई चाँडोभन्दा चाँडो निरुत्साहित गर्नुपर्नेतर्फ अन्य सहभागीहरूले जोड दिएका थिए ।

आफूले लेखेको कुरा अरूले सम्पादन गर्नै हुँदैन भन्ने धारणा धेरैजसो लेखकमा रहेको पाइन्छ । मिडियाका पुस्तकमा देखिएका कमजोरी र त्रुटिहरूको मुख्य कारण पुनर्लेखन र सम्पादनको अभाव हुनु हो भन्नेमा पनि सहभागीहरूको मतैक्य पाइयो । नेपाली मिडियाको सवालमा माझिएका लेखक नभएको, पाण्डुलिपि जस्ताको त्यस्तै छाप्दा त्यो पुस्तक काम नलाग्ने र पुनर्लेखन तथा सम्पादनको कुरा गर्नेबित्तिकै रिसाउने स्थिति रहेको गुनासो भृकुटी एकेडेमिक पब्लिकेशन्स्का लिखत पाण्डेले गरे । एक पटक आफूले प्रकाशन गर्न खोजेको पुस्तक सम्पादन

गराउँदा लेखक र सम्पादकबीच नै निकै चर्काचर्की परेको र आफूले निकै मिहिनेतसाथ झगडा मिलाइदिनु परेको अनुभव पाण्डेसँग रहेछ । सम्पादन गर्दा प्रकाशकको हिसावले केही बढी लागत लागे पनि आफूहरू सम्पादन गराएर प्रकाशन गर्न तयार भएको र त्यसका लागि लेखकहरू पनि तयार हुनुपर्ने राय उनले यस प्रसङ्गमा थपे ।

लेखक र सम्पादकको महत्त्व निजी प्रकाशकले बुझ्न नसकेको सन्दर्भ हिमाल एसोसिएसनका केदार शर्माले कोट्याए । उनको भनाइ थियो, "हाड घोटेर लेख्ने लेखकलाई पारिश्रमिक २० प्रतिशत दिइन्छ तर कुनै परिश्रम नै नगरी वितरकले सोही पुस्तकमा २५ प्रतिशत लिन्छ ।" पुस्तक गुणस्तरीय हुन नसकेको कारणमा शर्माको थप टिप्पणी थियो । "त्यसमाथि पनि आफ्नो पुस्तक सम्पादन गराउन लेखकको जुँगाले दिँदैन" पुस्तक वा जर्नलमा प्रकाशनार्थ प्राप्त लेखहरूमा सम्पादकका तर्फबाट सुधारको सुझावसहित केही खण्डमा पुनर्लेखनका लागि अनुरोध गर्दा केही लेखकहरू टाढिएको र पुनर्लेखन गराउन सक्दै नसकिएको वा त्यसो गर्न निकै कठिनाइ परेको अनुभव आफूहरूसँग रहेको प्रसङ्ग मार्टिन चौतारीका देवराज हुमागाईंले सुनाएका थिए । काठमाडौँ विश्वविद्यालयका शिक्षक जङ्गब चौहानले पुस्तक निकाल्ने हतारो मात्र नगरी त्यसभन्दा अगाडि सम्पादक, लेखक र प्रकाशक आदि बसेर अन्तर्क्रिया गरिनु पर्नेतर्फ औँल्याए । त्यसो गर्न सके मात्र भाषागत तथा तथ्यगत विभिन्न कमजोरी हट्ने र स्तरीय पुस्तक निस्कने तर्क उनको थियो ।

दातृसहयोगमार्फत गैरसरकारी संस्थाबाट प्रकाशित पुस्तकहरू तुलनात्मक रूपमा केही बढी गुणस्तरीय हुनुको पछाडि त्यहाँ ती पुस्तक पुनर्लेखन र सम्पादनको प्रक्रियाबाट गुज्रेर आउने तथ्य जिम्मेवार छ भन्नेमा धेरै सहभागीको स्वीकारोक्ति थियो । लेखक र सम्पादकलाई उचित पारिश्रमिक दिनुका साथै काम गर्न पनि बढी स्वतन्त्र वातावरण गैरसरकारी संस्थाका प्रकाशनमा हुने भएकाले दाताको सहयोगको सदुपयोग गर्दै राम्रा पुस्तक निकाल्ने प्रयास जारी राख्नुपर्ने केदार शर्माको भनाइ थियो । पुस्तकमा पैसा तिर्न पाठक तयार हुने वातावरण नबनेसम्म दाताको पैसा लिनुको विकल्प नभएको शर्माको भनाइ थियो ।

मार्टिन चौतारीका भास्कर गौतम पुस्तकको उत्पादनदेखि प्रकाशनको जिम्मा पनि एउटैले लिनुपर्छ भन्ने बाध्यता नभएकोमा जोड दिन्छन् । मार्टिन चौतारी वा अरू कुनै गैरसरकारी संस्थाले सामग्री उत्पादन गरेर प्रकाशनका लागि निजी प्रकाशकसँग सहकार्य गर्न सके आ-आफ्नो जिम्मेवारीमा केन्द्रित हुन सकिने उनको तर्क थियो । गौतमले भने, "हामीजस्ता थुप्रै संस्थाहरू जो उत्पादनमा

मात्र केन्द्रित हुन चाहन्छन् र प्रकाशनको झन्झटमा पर्न चाहँदैनन् तिनले प्रकाशक भेट्न मुश्किल छ।" मार्टिन चौतारीको उदाहरण दिँदै उनले थपे, "हामीले यस्तो प्रयास गर्न खोज्दा सुरुका तीनओटा पुस्तकमा बाहेक हामी सफल हुन सकेनौं। हामीले उत्पादन गरेको सुरुका तीनओटा पुस्तक प्रकाशनका लागि एकता बुक्ससँग समन्वय गर्न सके पनि पछिल्ला पुस्तक छाप्नका लागि कोही तयार भएनन्।" गैरसरकारी संस्था र प्रकाशकले समन्वय गर्नुपर्ने गौतमको भनाइसँग भृकुटी एकेडेमिक पब्लिकेशन्स्का लिखत पाण्डे पनि सहमत देखिए र आफूकहाँ यस्तो किसिमको प्रस्ताव नआएको खुलस्त पारे।

## उत्पादनपछिको प्रक्रिया

पुस्तक प्रकाशन भएर मात्र प्रकाशन उद्योग चल्न सक्दैन। यसको समुचित उपयोग हुनसक्नु पर्दछ। पाठकहरू पुस्तकको सहज पहुँचसम्म पुग्ने माध्यम भनेको सार्वजनिक पुस्तकालय हो। क्याम्पस वा अन्य सार्वजनिक स्थानका पुस्तकालयको सन्दर्भले पनि यस अन्तर्क्रियामा प्रवेश पाएको थियो। तर क्याम्पसको पुस्तकालयको अवस्था सन्तोषजनक नभएको धारणा केही सहभागीले राखेका थिए। रत्नराज्यलक्ष्मी क्याम्पसका स्नातक तहका विद्यार्थी प्रभाकर गौतमले पुस्तकालयमा पत्रकारिताका कुन कुन पुस्तक छन् भन्नेबारे विद्यार्थीलाई मात्र होइन स्वयं त्यहाँका कर्मचारीलाई पनि थाहा नभएको बताए। एक त क्याम्पसमा पर्याप्त मात्रामा पुस्तक राख्न बजेटको अभाव हुन्छ, अर्कोतर्फ भएका सीमित पुस्तक पनि त्यहीँकै शिक्षकले घरमा लगेर राखिदिएको पाइन्छ। काठमाडौं विश्वविद्यालयका शिक्षक जङ्गव चौहानले भने यसबारेमा फरक अनुभव सुनाए, "हामीले मिडियासम्बन्धी विषयलाई पाठ्यक्रममा समावेश गरेको धेरै भएको छैन, यद्यपि यस विषयका पनि धेरै पुस्तकहरू विश्वविद्यालयको पुस्तकालयमा उपलब्ध गराएका छौं। नेपाली मिडियाका पुस्तक पनि भेटेजति हामी कहाँ पठाइदिनका लागि काठमाडौंको एक पुस्तक पसललाई भनेको छौं।" विद्यार्थीहरूमाझ पढ्ने बानी बसाल्नका लागि विद्यार्थीले आफूलाई मन परेको विषयमा पुस्तकालयमा आएर स्व-अध्ययन गर्ने र पुस्तकबारे छलफल गराउने गरेको चौहानको कथन छ।

मदन पुरस्कार पुस्तकालयका अमर गुरुङ र केशर पुस्तकालयका लाइब्रेरियन भोला श्रेष्ठले पनि अन्तर्क्रियाका क्रममा आ-आफ्नो पुस्तकालयको अवस्था र समस्याबारे बोध गराएका थिए। सरकारको सीमित बजेटका कारण महङ्गा र ठूलो परिमाणमा पुस्तक थप्न नसकिने धारणा राख्दै लेखक प्रकाशकले महङ्गो

मूल्य राखेर पुस्तकालयमा विक्री गर्ने प्रथाले झनै समस्या परेको श्रेष्ठको अनुभव थियो । "सर्वसाधारणको पहुँच हुने स्थानमा सहज मूल्य राखेर पुस्तक दिनु त कता हो कता, झन् मन्त्रीको समेत सोर्सफोर्स लाएर महङ्गोमा पुस्तक बेच्न पुस्तकालयमा आउने चलन छ" श्रेष्ठको गुनासो थियो । मदन पुरस्कार पुस्तकालयका लाइब्रेरियन अमर गुरुङ जोसुकैले पुस्तक प्रकाशन गरे पनि चारपाँच ओटा मुख्य पुस्तकालयमा पुस्तक निःशुल्क रूपमा अनिवार्य दिने व्यवस्था गर्नुपर्ने धारणा राखे । पुस्तक सङ्ग्रह गर्न सकिए पनि त्यसलाई टिकाउन उत्तिकै समस्या हुने गरेको दुवै लाइब्रेरियनको भोगाइ छ । प्रायः नेपाली पुस्तकको आयु एकदम कम हुने गरेको छ । धेरैजसो नेपाली पुस्तकमा प्रयोग हुने कागज न्यून गुणस्तरको हुन्छ र एसिडिटी बढी भएका कागज प्रयोग गरिनाले पुस्तक धेरै समय टिक्दैन । त्यसैले एसिडमुक्त राम्रो कागजमा नै पुस्तक छाप्नुपर्ने दुवैको सल्लाह थियो । भोला श्रेष्ठले भने, "विदेशतिर केही प्रति चाहिँ लाइब्रेरी एडिसन भनेर राम्रो गुणस्तरको छपाइसहित कडा गातामा पुस्तक निकाल्ने चलन छ, जसले गर्दा वर्षौंवर्षसम्म राख्दा पनि पुस्तक केही हुन्न । हामीकहाँ पनि त्यो संस्कृति बसाल्न सक्नु पर्दछ ।"

पुस्तक लेखक, प्रकाशक वा सम्पादकलाई आफ्नो प्रकाशन वा कामबारे पाठकको राय सुझावको आवश्यकता पर्दछ । यिनको कार्यको एकमात्र मूल्याङ्कनकर्ता भनेकै पाठकहरू हुन् । यसले उनीहरूलाई आफूले गरेको काम कुन स्थितिमा छ र के कस्ता सुधार वा परिमार्जनको आवश्यकता रहेछ भनेर जान्न मद्दत गर्दछ । पत्रपत्रिकामा निस्कने समीक्षा, पुस्तकबारेमा हुने रेडियो, टेलिभिजन वा अन्य सार्वजनिक स्थलमा हुने छलफल र व्यक्तिगत भेटघाटमा व्यक्त गरिने प्रतिक्रिया नै लेखकले पाउने फिडव्याकका स्रोत हुन् । यीमध्ये पनि मिडियामार्फत हुने समीक्षा र छलफल नै महत्त्वपूर्ण स्रोत हुन् । मिडियासम्बन्धी मात्र होइन समग्रमा नै पुस्तक समीक्षाले अखबार वा विद्युतीय सञ्चारमाध्यममा खासै स्थान पाउन नसकेको यथार्थलाई सहभागी प्रायः सबैले स्वीकारे । रेडियो सगरमाथाका घमराज लुईंटेलले भने रेडियो सगरमाथामा आफूले सञ्चालन गर्ने *डबली* कार्यक्रममा बेलाबेलामा पुस्तकसम्बन्धी छलफल हुने गरेको स्मरण गराए । यद्यपि त्यो आफूलाई पनि पर्याप्त नलागेको उनको ठम्याइ थियो ।

मिडियाहाउसहरूले पुस्तक समीक्षालाई स्थान नदिएर उपेक्षा गरेको भन्ने गुनासो सहभागीहरूको थियो । यसबारे संस्थागत पहल हुनुपर्ने भन्ने तर्क पनि अन्तर्क्रियाका क्रममा उठेको थियो । मार्टिन चौतारीले विगतमा एक अङ्ग्रेजी र नेपाली दैनिकमा पुस्तक समीक्षाको संयोजन गरेको तथा रेडियोका लागि समेत

कार्यक्रम निर्माण गरेको थियो । तर सम्बन्धित प्रकाशन गृहहरूबाट निरन्तर साथ पाउन नसक्दा उक्त कार्य रोकिन पुगेको थियो । रेडियो कार्यक्रमले भने जनशक्ति तथा बजेट अभावका कारण निरन्तरता पाउन सकेन । मार्टिन चौतारीका यी अनुभवहरू देवराज हुमागाईं तथा भास्कर गौतमले अवगत गराएका थिए ।

पुस्तक समीक्षाको अर्को पक्ष भनेको निस्किएको पुस्तकबारे सही जानकारी दिएर पाठकलाई उक्त पुस्तकको आवश्यकताबारे बोध गराउनु पनि हो । तर समीक्षा नै नहुने र भइहालेमा पनि औपचारिकता पुऱ्याउने मात्र काम हुनाले समीक्षाबाट पुस्तकको गुणस्तरबारे यथार्थ थाहा पाउन नसकिने गरेको रत्नराज्य क्याम्पसका स्नातक तहका अर्का विद्यार्थी तीर्थ विष्टको ठहर थियो । मिडियाका पुस्तक उत्पादन तथा प्रकाशनका विभिन्न प्रक्रियाहरूबारे त झन् मिडियामा एउटा पनि रिपोर्टिङ भएको आफूले नपाएको भनाइ भास्कर गौतमको थियो ।

पाठकहरूबाट व्यक्तिगत स्तरमा प्रतिक्रिया पनि उस्तो नपाएको आफ्नो अनुभव *मोरङमा पत्रकारिताको अर्धशताव्दीका* लेखक प्रमोद प्रधानले सुनाए । "अद्योपान्त पुस्तक पढेर सुझाव दिने त्यति भेटिँदैनन् । कसैले पुस्तक पढिहाल्यो भने पनि आफ्नोबारेमा लेखिएका प्रसङ्ग मात्र छानेर पढ्ने गर्दछन्" मोरङको पत्रकारिताको अभ्यासबारेको आफ्नो पुस्तकको अनुभव सम्झँदै प्रधानले दुःखेसो पोखे ।

## अन्तर्क्रिया कार्यक्रमको निचोड

अन्तमा यस अन्तर्क्रिया कार्यक्रमबाट नेपाली मिडियाको पुस्तक प्रकाशनका विभिन्न पक्षमा निस्किएका निचोडहरूलाई निम्न रूपमा प्रस्तुत गर्न सकिन्छः

- विद्यालय, विश्वविद्यालय र तालिम इन्स्टिच्यूटहरूमा आमसञ्चारका विद्यार्थी तथा प्रशिक्षार्थीको वृद्धिले गर्दा नेपाली मिडियाका पुस्तकको बजार विस्तार हुन थालेको आभाष हुन थालेको छ, यद्यपि लेखक, सम्पादक वा प्रकाशक आर्थिक हिसाबले टिक्न सक्ने स्थिति अझै आइसकेको छैन ।
- मिडियासम्बन्धी अध्ययन अनुसन्धानका लागि आवश्यक स्रोत सामग्रीको अभाव अर्को मुख्य समस्याका रूपमा देखिएको छ । सीमित सामग्री पाइने केही सार्वजनिक पुस्तकालय वा स्रोत केन्द्र पनि अव्यवस्थित र आफै समस्याभित्र जेलिएका छन् । तसर्थ स्रोत सामग्रीको व्यवस्थित सङ्ग्रहसहितको पुस्तकालय वा त्यस्तो स्रोत केन्द्रको आवश्यकता छ ।
- नेपाली मिडिया पुस्तकको सङ्ख्या बढे पनि अधिकांशको गुणस्तर कमजोर छ । भाषा वा तथ्यगत त्रुटिहरू प्रशस्त मात्रामा पाइन्छ । पुनर्लेखन र सम्पादनको

अभावले यस्तो हुन गएको हो । एक त साँघुरो बजारका कारण आर्थिक प्रोत्साहन नभएकाले पर्याप्त मेहनतबिना पुस्तक लेख्ने चलन, अर्कातिर आफूले लेखेका कुरा सम्पादन हुनु हुँदैन भन्ने धारणा अधिकांश लेखकमा रहेका कारण पुस्तक गुणस्तरीय हुन सकेको छैन ।

- निजी प्रकाशनभन्दा दाताको सहायता लिएर गैर सरकारी संस्थाबाट प्रकाशित पुस्तक तुलनात्मक रूपमा गुणस्तरीय देखिएका छन् । लेखक सम्पादकलाई केही बढी आर्थिक प्रोत्साहनका कारण विभिन्न चरणको पुनर्लेखन र सम्पादनको प्रक्रियाबाट गुज्रेर आउने हुँदा ती तुलनात्मक रूपले गुणस्तरीय भएका हुन् । तसर्थ नेपाली बजार विस्तार नहोउञ्जेल पुस्तक प्रकाशनमा दातृ सहयोगको आवश्यकतालाई नकार्न सकिन्न । यस्ता प्रयासलाई जारी राख्नु पर्छ । बरु यस्ता गैर सरकारी संस्थाहरूले प्रकाशनको काममा समेत आफैले हात हाल्नुभन्दा व्यवसायिक प्रकाशकहरूसँग समन्वय र सहकार्य गरेर आफूले उत्पादन गरेका सामग्री प्रकाशन गराउन सकिन्छ । यसो गर्दा गैरसरकारी संस्थाहरू प्रकाशनको अनावश्यक झञ्झटबाट मुक्त भई आफ्नो ध्यान अनुसन्धान र सामग्री उत्पादनमा केन्द्रित गर्न सक्छन् भने प्रकाशकहरूले पनि गुणस्तरीय सामग्री पाउँछन् ।
- लेखक, सम्पादक वा प्रकाशकलाई फिडब्याकको कमी छ । मिडिया वा अन्य सार्वजनिक डबलीहरूमा पुस्तकबारे समीक्षा वा टिप्पणी अत्यन्तै कम हुने गरेका छन् । यस्ता विषयमा सार्वजनिक सञ्चारमाध्यमहरूको ध्यानाकर्षण गराउनु पर्दछ । यो अन्तर्क्रिया कार्यक्रम एउटा राम्रो सुरुआत हो यस्ता कार्यक्रमले आउने दिनमा पनि निरन्तरता पाउनु पर्दछ । लेखन वा सम्पादनसम्बन्धी छुट्टै अन्तर्क्रिया कार्यक्रम अबको पहिलो प्राथमिकतामा पर्नु पर्दछ ।

## सन्दर्भ सामग्री

हुमागाईं, देवराज । २०६२ । नेपाली मिडियामा पुस्तक प्रकाशनः विविध पाटाहरू । *रूपान्तरणः समाज अध्ययन* १ः ९७-१९९ ।

प्रधान, प्रमोद । २०६१ । *मोरङमा पत्रकारिताको अर्धशताब्दी* । काठमाडौंः मार्टिन चौतारी ।

# अनुसूची

## मिडिया पुस्तक प्रकाशन अन्तर्क्रिया सन् २००६ का सहभागीहरूको नामावली

| क सं. | सहभागी प्रतिनिधि | संलग्नता |
|---|---|---|
| १. | अजयनारायण माली | सोसल साइन्स बहाः |
| २. | अजित बराल | फाइन प्रिन्ट |
| ३. | अमर गुरुङ | मदन पुरस्कार पुस्तकालय |
| ४. | अशोक श्रेष्ठ | स्तम्भकार, *जनआस्था* |
| ५. | ऋषिकेश दाहाल | विद्यार्थी, रत्नराज्य लक्ष्मी क्याम्पस |
| ६. | एकराज पाठक | विद्यार्थी, कान्तिपुर सिटी कलेज |
| ७. | केदार शर्मा | हिमाल एसोसिएसन |
| ८. | कोमल भट्ट | मार्टिन चौतारी |
| ९. | कृष्ण अधिकारी | मार्टिन चौतारी |
| १०. | खगेन्द्र भट्टराई | पैरवी बुक सेन्टर |
| ११. | गोपाल थपलिया | साफ्मा-नेपाल |
| १२. | घमराज लुईंटेल | रेडियो सगरमाथा |
| १३. | चिरञ्जीवी खनाल | नेपाल प्रेस इस्टिच्यूट |
| १४. | जगन्नाथ अधिकारी | मार्टिन चौतारी |
| १५. | जङ्गब चौहान | काठमाडौं विश्वविद्यालय |
| १६. | डिआर घिमिरे | नेपाल पत्रकार महासङ्घ बुटवल शाखा |
| १७. | तोया गौतम | नेपाल पत्रकार महासङ्घ |
| १८. | दीपक अर्याल | मदन पुरस्कार पुस्तकालय |
| १९. | दुर्गा कार्की | रेडियो सगरमाथा |
| २०. | देवराज हुमागाईं | मार्टिन चौतारी |
| २१. | निराजन भारी | फाइन प्रिन्ट |
| २२. | निर्मलमणि अधिकारी | मदन भण्डारी मेमोरियल कलेज/इन्सेक |
| २३. | प्रदीप घिमिरे | फ्रिडम फोरम |
| २४. | प्रमोद प्रधान | लेखक/रासस |
| २५. | बद्री पौडयाल | हिमाल मिडिया, रत्नराज्य लक्ष्मी क्याम्पस |
| २६. | भास्कर गौतम | मार्टिन चौतारी |
| २७. | भोला श्रेष्ठ | केशर पुस्तकालय |
| २८. | मधु आचार्य | एण्टेना फाउण्डेशन नेपाल |
| २९. | रघु मैनाली | नेपाल वातावरण पत्रकार समूह |
| ३०. | रामप्रसाद पोखरेल | प्रेस काउन्सिल नेपाल |
| ३१. | लिखत पाण्डे | भृकुटी एकेडेमिक पब्लिकेशन्स् |
| ३२. | वसन्त थापा | हिमाल एसोसिएसन |
| ३३. | विनयकुमार कसजु | मिडिया सर्भिसेज इन्टरनेशनल |
| ३४. | शम्भु कट्टेल | विद्यार्थी, कान्तिपुर सिटी कलेज |
| ३५. | शरद घिमिरे | मार्टिन चौतारी |
| ३६. | शिव रेग्मी | लेखक |
| ३७. | श्रीराम पौडेल | इमेज च्यानल |
| ३८. | श्रीरामसिं बस्नेत | रासस/मिडिया प्वाइन्ट |
| ३९. | सचेन गौतम | विद्यार्थी, सिजेएमसी |
| ४०. | सुनिता तिवारी | मानव अधिकार सञ्चार प्रतिष्ठान |
| ४१. | सुशील पन्त | बां सं मञ्च |
| ४२. | सौरभकिरण श्रेष्ठ | हातेमालो सञ्चार |
| ४३. | हर्षमान महर्जन | मार्टिन चौतारी |
| ४४. | हस्त गुरुङ | नेपाल प्रेस इन्स्टिच्यूट |
| ४५. | होम भट्टराई | साझा प्रकाशन |